बैठक संख्याः ११-२०८२/८३
बैठक मितिः २०८३/२/७, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

आज मिति २०८३/२/७ गते (ने.सं. ११४६, अनलाथ्व ५) बिहीबार पूर्वान्ह ९:३० बजे धर्मदेवी नगरपालिकाका नगर प्रमुख श्री उदय चन्द्र पौडेलज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री उदय चन्द्र पौडेल | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा महत (भट्टराई) | नगर उपप्रमुख | |
| ३ | श्री जगत बहादुर कार्की | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री गजेन्द्र बहादुर जिमी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री श्याम बहादुर पौडेल | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री बद्री बहादुर घिमिरे | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री राम बहादुर मगर | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री लक्ष्मीप्रसाद अधिकारी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री नविन जिमी | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुमन नेपाल | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री चित्र कुमार कार्की | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री लाल माया जिमी | कार्यपालिका सदस्य | |
| १३ | श्री विष्णु माया मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री मिता राई | कार्यपालिका सदस्य | |
| १५ | श्री प्रेमिका जिमी | कार्यपालिका सदस्य | |
| १६ | श्री अञ्जली जिमी | कार्यपालिका सदस्य | |
| १७ | श्री रुद्र बहादुर सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रकाश गुरुङ्ग | प्रमुख प्रशासकीय अधिकृत | |
| आमन्त्रित | | | |
| १ | श्री बिरोध नेपाल | सूचना प्रविधि अधिकृत | |
| २ | श्री ज्ञानु श्रेष्ठ | जनस्वास्थ्य निरीक्षक | |
| ३ | श्री राजेश गिरी | आर्थिक प्रशासन प्रमुख | |
| ४ | श्री दिपक कार्की | नायब सुब्बा | |
| ५ | | | |
| ६ | | | |

बैठक संख्याः ११-२०८२/८३
बैठक मितिः २०८३/२/७, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

**प्रस्तावहरुः**

१. गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
२. छात्रवृत्ति वितरण कार्यविधि, २०८३ स्वीकृत गर्ने सम्बन्धमा ।
३. एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन तथा अनुगमन समितिमा सदस्य मनोनय गर्ने सम्बन्धमा ।
४. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं. (१) माथि छलफल गर्दा यसभन्दा अघि भएका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको साथै कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु कार्यान्वयन गर्दै लैजाने ।
२. प्रस्ताव नं. (२) उपर छलफल गर्दा आवश्यक प्रक्रिया पूरा भई प्राप्त हुन आएको धर्मदेवी नगरपालिका छात्रवृत्ति वितरण कार्यविधि, २०८३ को मस्यौदा स्वीकृत गर्ने ।
३. प्रस्ताव नं. (३) उपर छलफल गर्दा "*एम्बुलेन्स सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२*" को दफा ८ को उपदफा (१) बमोजिम एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन तथा अनुगमन गर्न एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको व्यवस्था रहेको तथा उक्त समितिमा कार्यपालिकाले मनोनयन गरेका कार्यपालिकाका सदस्यहरूमध्ये एक जना महिला प्रतिनिधिसहित दुई जना सदस्य रहने व्यवस्था भएकाले सोही बमोजिम तपसिल अनुसारका सदस्यहरू मनोनयन गर्नेः-

   **तपसिलः**

   क) वडाध्यक्ष (वडा नं. २) श्री गजेन्द्र बहादुर जिमी
   ख) कार्यपालिका सदस्य श्री मिता राई

४. प्रस्ताव नं. (४) को विविध शीर्षक उपर छलफल गर्दा तपसिल बमोजिमको निर्णय गर्नेः-
   (क) मिति २०८३/२/४ गते पेश भएको संयुक्त विद्यार्थी समाज (United Student Society) ले यस धर्मदेवी नगरपालिकासँगको सहकार्यमा यस नगरपालिकाको विभिन्न सामुदायिक विद्यालयहरुमा अध्ययनरत कक्षा ८, ९ र १० का विद्यार्थीहरुलाई कानुनी सचेतना लगायतका विषयमा अध्यापन गराउने सम्बन्धी कार्यक्रम आयोजना गर्न लागेको प्रस्ताव पेश भई सो कार्यक्रम सञ्चालनार्थ हुने आधारभूत खर्च (प्रशिक्षक खाना, खाजा, पानी तथा मसलन्द) का लागि सहयोग माग भएकोमा उक्त कार्यक्रममा सहयोग स्वरुप विविध कार्यक्रम खर्च शीर्षकबाट उपलब्ध गराउने गरी यस नगरपालिकाबाट रु.

बैठक संख्याः ११-२०८२/८३
बैठक मितिः २०८३/२/७, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

३०,०००/- (तीस हजार) मात्र आर्थिक सहयोग उक्त समाजको माग बमोजिम प्रदान गर्ने ।

(ख) धर्मदेवी नगरपालिकाको उपप्रमुख तारा महत (भट्टराई) ज्युको पूजनीय बुवा इन्द्र बहादुर महतको मिति २०८३ साल वैशाख २८ गते भएको दुःखद निधन तथा धर्मदेवी नगरपालिका अन्तर्गत रहेको आँखीभूई आयुर्वेद औषधालयमा कार्यरत कर्मचारी ओम बहादुर कटुवालको मिति २०८३ बैशाख ३१ गते भएको असामयिक निधनप्रति गहिरो दुःख व्यक्त गर्दै तपसिल बमोजिमको शोक प्रस्ताव पारित गर्ने ।

<u>तपसिल</u>

अ. स्व. इन्द्र बहादुर महतको दुःखद निधनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्ने तथा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्ने। साथै यस दुःखद घडीमा सम्पूर्ण परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी कामना गर्ने।

आ. स्व. ओम बहादुर कटुवालको असामयिक निधन प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्ने तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्ने। साथै उहाँले स्वास्थ्य सेवा प्रवाह तथा संस्थागत विकासमा पुऱ्याउनुभएको योगदानको उच्च सम्मान गर्ने।

इ. उक्त शोक प्रस्ताव पश्चात समवेदनापत्रको एक-एक प्रति सम्बन्धित परिवारजनलाई उपलब्ध गराउने ।

(ग) धर्मदेवी नगरपालिका वडा नं. १ स्थित महभीर क्षेत्रमा ठूलो ढुङ्गा सडकमा खस्न गई उक्त सडक खण्ड पूर्ण रूपमा अवरुद्ध भई स्थानीय सर्वसाधारणको आवतजावत तथा यातायात सेवा सञ्चालनमा प्रतिकूल असर परेको अवस्थामा तत्काल सडक सञ्चालनमा ल्याउन आवश्यक देखिएकाले प्रारम्भिक रूपमा ब्रेकर (Breaker) सहितको JCB प्रयोग गरी सडकमा अवरोध सिर्जना गरेको ढुङ्गा फुटाउने प्रयास गरिएको तर उक्त प्रयासबाट समेत ढुङ्गा फुटाउन तथा हटाउन सम्भव नभएको हुँदा थप जनशक्ति परिचालन गरी म्यानुअल रूपमा ढुङ्गा फुटाई सडक अवरोध हटाई यातायात सेवा पुनः सञ्चालन गरिएको र उक्त कार्य सम्पन्न गर्न JCB को आवतजावत, ब्रेकरसहितको उपकरण प्रयोग, इन्धन तथा परिचालित कामदारहरूको ज्याला समेत गरी जम्मा रु. ६५,०००।= /- (अक्षरुपी पैसठ्ठी हजार रुपैयाँ मात्र) खर्च हुन आएकोले उक्त रकम यस नगरपालिकाको उपयुक्त शीर्षकबाट व्यहोर्ने गरी भुक्तानी उपलब्ध गराउने ।